# **<u>भैरवी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०</u>**

**<u>प्रस्तावनाः</u>** भैरवी गाउँपालिकामा गरिबीको रेखामुनी रहेका र प्रकोपका कारण घरवार विहिन भएका घर परिवारलाई आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रममार्फतसुरक्षित आवास निर्माण गर्न वाञ्छनीय भएकोले,

भैरवी विनियोजन ऐन,२०७९ को दफा६ को उपदफा (१)को अधिकार प्रयोग गरी भैरवी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १

## **<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "भैरवी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आवास व्यवस्थापन समन्वय एकाइ" भन्नाले दफा ९ बमोजिमको आवास व्यवस्थापन समन्वय एकाइ सम्झनु पर्छ ।

(ग) "गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति" भन्नाले दफा ११ बमोजिमको गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले भैरवी गाउँपालिका सम्झनु पर्छ।

(च) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरीबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनु पर्छ।

(छ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवार सम्झनु पर्छ।

(ज) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा,पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुङ्गा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ।

(झ) "सुरक्षित नागरिकआवास समन्वय समिति" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

परिच्छेद-२

## कार्यक्रमको सञ्चालन

**३. सूचना प्रकाशन गर्नु पर्नेः** गाउँपालिकाले कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

**४. निवेदन दिनु पर्नेः** अनुदान प्राप्त गर्न चाहने लाभग्राहीले गाउँपालिका समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**५. लाभग्राही सर्वेक्षण गर्नुपर्नेः** गाउँपालिकाको कार्यालयले तोकेको सर्वेक्षणकर्ताले अनुसूची-३ बमोजिम लाभग्राही सर्वेक्षण गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

परिच्छेद-२

## लक्षित वर्गको पहिचान र छनौटका आधार

**६. लक्षित वर्गको पहिचानः** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछः-

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हावा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,

(ख) गरीबीको रेखामुनी रहेका, आफैले सुरक्षित आवास निर्माण गर्न चाहेका तथा निर्माण गरिरहेका घरपरिवार लाभग्राहीको सम्वन्धमा सम्बन्धित वडाको सिफारिस,

(ग) विगत देखि सो स्थानमा स्थायी वसोबास गर्दै आएको जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो तथा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा स्तरीय विपद् व्यवस्थापन समितिको निर्णयलाईगाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिले समर्थन गरेको निर्णय।

**७. लाभग्राही छनौटको आधार तथा विधिः** (१) सम्पर्क एकाईले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदिको आधारमा अनुसूची-४ बमोजिम अंक प्रदान गरी प्राथमिकताक्रम सहित लाभग्राहीको सूची तयार गरी "सुरक्षित नागरिक आवास समन्वय समिति" मा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका वा प्रकोपका कारण घरवारविहिन भएका परिवार घरमुलीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बढी अंक प्राप्त गर्ने र उपदफा (२) बमोजिम प्राथमिकता प्राप्त गर्नेलाई सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

(४) सुरक्षित नागरिक आवास समन्वय समितिले वडा तहबाट पहिचान भएका लाभग्राहीको सूची प्राथमितकताको आधारमा छनौट गर्नेछ ।

(५) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था

**८. अनुदान सम्झौता र वित्तीय प्रबन्धः** (१) कार्यक्रम संचालन गर्ने वडामा आवश्यक पर्ने कार्यक्रम संचालन खर्च गाउँपालिका सँग समन्वय गरी माग गरिनेछ।

(२) गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले तोकेको सङ्ख्या बमोजिम गाउँपालिका अध्यक्षको सिफारिसको आधारमा सम्बन्धित लाभग्राहीहरु सँग योजना सम्झौता गरिनेछ।

(३) सम्बन्धित स्थानीय तहले छनौट भएका लाभग्राहीसंग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी लाभग्राहीको सूची सम्बन्धित बैंकलाई उपलब्ध गराउनेछ।

(४) छनौट भएका लाभग्राहीले यस गाउँपालिकाले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा गाउँपालिकाले सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता,काठ लगायतको निर्माण सामग्रीको खरिदको लागि पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराईनेछ।सो रकम प्रयोग गरी निर्माण सम्पन्न गरीसके पछी प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा अन्तिम किस्ता वापतको चालिस प्रतिशत रकम भुक्तानी गरिनेछ।

**९. निर्माण कार्य सम्पन्न भएको मानिनेः** गाउँपालिकाको प्राविधिकबाट अनुसूची-६ बमोजिम प्रतिवेदन पेश भई प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेपछी निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

परिच्छेद - ४

**कार्यक्रम कार्यान्वयन सम्बन्धी संस्थागत ब्यवस्था**

**१४. गाउँपालिका सुरक्षित नागरिक आवास व्यवस्थापन समितिः** (१) सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिका स्तरमा देहाय बमोजिमको एक गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति रहनेछः-

(क) अध्यक्ष, गाउँपालिका -संयोजक

(ख) उपाध्यक्ष, गाउँपालिका -सदस्य

(ग) अध्यक्षहरु, सवै वडा -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका -सदस्य

(ङ) प्रमुख, योजना शाखा, गाउँपालिका -सदस्य सचिव

(२) गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(३)गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१६. गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपलब्ध वार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम लागू हुने वडा र टोल तोक्ने र अधिकतम आवास संख्या निर्धारण गर्ने,

(ख) लाभग्राहीलाई उपलब्ध गराईने रकमको निर्धारण तथा पुनरावलोकन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(घ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने र कार्यान्वयन संग सम्बन्धित सरोकारवालाहरु बीच समन्वय गर्ने।

(च) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा सम्वन्धित गाउँपालिका, पूर्वाधार शाखा, योजना शाखा र कार्यक्रम कार्यान्वयन गर्ने तहबीच समन्वय गर्ने,

(ख) कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने र भावी कार्यक्रमको लागि योजना तयार गर्ने,

(ग) कार्यक्रमको प्रगति विवरण प्राप्त गरी तयार गर्ने र समीक्षा एवं सम्बन्धित निकायहरु बीच समन्वय गर्ने ।

**१०. गाउँपालिकाको काम,कर्तव्य र अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) वडा स्तरबाट माग भएको कार्यक्रम तथा बजेट स्वीकृत गरी अर्थमन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्या समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय, सहजीकरण गर्ने तथा बजेट व्यवस्थापनको लागि आवश्यक पहल गर्ने,

(ङ) कार्यक्रम अनुगमन मूल्यांकन गरी आवश्यक निर्देशन दिने।

**११. आवास व्यवस्थापन समन्वय एकाईः** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न गाउँपालिकामा देहाय बमोजिम आवास व्यवस्थापन समन्वय एकाई गठन गरिनेछः-

(क) अध्यक्ष, गाउँपालिका -संयोजक

(ख) शाखा प्रमुख, पूर्वाधार शाखा, गाउँपालिका -सदस्य

(ग) खानेपानी तथा सरसफाई टेक्निसियन, गाउँपालिका -सदस्य

(घ) शाखा प्रमुख, कृषि शाखा, गाउँपालिका -सदस्य

(ङ) शाखा प्रमुख, योजना शाखा, गाउँपालिका -सदस्य सचिव

**१२. आवास व्यवस्थापन समन्वय एकाइको काम, कर्तव्य र अधिकारः** आवास व्यस्थापन समन्वय इकाइको काम, कर्तव्य र अधिकार देहाएबमोजिम हुनेछः-

**१३. सम्पर्क एकाई सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रमको सम्पर्क एकाईको रुपमा योजना शाखाले कार्य गर्नेछ।

(२) सम्पर्क एकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निवेदन संकलन गर्न सात दिने सूचना जारी गरी निवेदन संकलन गर्ने,

(ग) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न प्राविधिक खटाउने,

(घ) विवरण सहितको लाभग्राही सर्वेक्षण फारम अंक प्रदान गर्न पूर्वाधार शाखामा पठाउने,

(ङ) सम्झौता भएका लाभग्राहीलाई कार्य सम्पन्न गर्न राय सुझाव दिने, कार्यसम्पन्न भएको अभिलेख राख्ने र अभिलेख बमोजिमको विवरणको एक प्रति अभिलेख लेखा शाखामा पठाउने,

(छ) यस कार्यविधि बमोजिमका सम्भावित लाभग्राहीको संख्या निर्धारित समय भित्र पूर्वाधार शाखामा उलब्ध गराउने ।

परिच्छेद-६

## विविध

**१७. लाभग्राही सर्वेक्षण गर्नुपर्नेः** गाउँपालिकको कार्यालयले तोकेको सर्वेक्षणकर्ताले अनुसूची-३ बमोजिम लाभग्राही सर्वेक्षण गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**१८. भुक्तानी रकम असुल उपर गरिनेः** कुनै व्यक्तिले झुठा विवरण पेश गरी रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा सम्बन्धित लाभग्राहीबाट सो रकम गाउँपालिकाले असुल उपर गर्नेछ।

**१९. कन्टिन्जेन्सी खर्चको व्यवस्थाः** (१) कार्यक्रमको प्रशासनिक व्यवस्थापनका लागि चार प्रतिशत सम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत ईष्टमेट, मूल्यांकन र अनुगमन सुपरीवेक्षण,समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ।

**२०. निर्देशन पालना गर्नु पर्नेः** गाउँपालिका स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित सबै सरोकारवालाले पालना गर्नु पर्नेछ।

**२१. विवादको समाधानः** कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा गाउँपालिका अध्यक्षबाट दिइने निर्णय अन्तिम हुनेछ।

**२२. कारबाही हुनेः** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**२३. सुविधा नपाउनेः** नेपाल सरकार, प्रदेश सरकार तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्था द्धारा संचालित प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन।

## अनुसूची-१

**(दफा ३ संगसम्वन्धित)**

कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले प्रकाशन गर्नुपर्ने सूचनाको ढाँचा

यस भैरवी गाउँपालिकाको सुरक्षित नागरिक आवास समन्वय समितिको मिति .............गते बसेको बैठकको निर्णय नं.......... अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकार सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरीबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवारविहीन भएका घरपरिवारले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियतदरको काठ लगायतका सामग्री खरिदको लागि र गरीवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनको लागि कार्यालय मार्फत ७ (सात) दिनेसूचना जारी गर्ने निर्णय भएकाले उपरोक्त अनुसारको घरधनीहरुले यस कार्यालयबाट निःशूल्क रुपमा निवेदनको नमूना प्राप्त गरी आवश्यक विवरण भरी सात दिन भित्र यस कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ। साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

## अनुसूची २

**(दफा ४ संगसम्वन्धित)**

अनुदान प्राप्त गर्न चाहने लाभग्राहीले गाउँपालिका समक्ष दिनुपर्ने निवेदनको ढाँचा

मितिः २०८०/...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भैरवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

भैरीकालिकाथुम, दैलेख ।

**विषयः <u>अनुदान पाउँ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँ गाउँपालिकाको कार्यालयबाट मिति ............ मा प्रकाशित सूचना बमोजिम सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०८० को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरीक्षण गरी मेरो घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिनहुन को लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

तपशिलः

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ/छैन |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्री बाट छाएको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ३ | गरीबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरीरहेको घर परिवार भएको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि | छ/छैन |

| | | |
|---|---|---|
| | । | |
| ५ | विगत देखि त्यस स्थानमा स्थाई बसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ६ | गरीबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धितगाउँपालिका अध्यक्षको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ७ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ/छैन |

निवेदकको:

सही: ....................................................

नाम,थरः .................................................

बुवा/पति/पत्नीको नामः .....................................................

बाजे/ससुराको नामः .....................................................

जिल्लाः ......................

गा.पा. ..................................................................वडा नं. .....................

गाउँ/टोलः .............................................

सम्पर्क मोवाईल नं....................................................

| निवेदको औठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोटः एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यलाई सगोलका परिवार मानिने छ। छुट्टिएर अर्को घरमा बसेकाहलाई सगोलको परिवार मानिने छैन। एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ।

## अनुसूची ३

**(दफा ५ संग सम्वन्धित)**

लाभग्राही सर्वेक्षण फारम

<table>
<tr><td colspan="2">सर्वेक्षण घर धनी क्रमसंख्या</td></tr>
<tr><td colspan="2">व्यक्तिगत विवरण</td></tr>
<tr><td>नाम,थर (अंग्रेजीमा)................................................................<br>नाम, थर (नेपालीमा)..................................................................<br>ठेगानाः<br>जिल्लाः .......................................गा.पा. ................................वडा नं............गाउँ/टोलः .............</td><td>बाबुको/पतिको नाम, थरः<br>............................<br>बाजे/ससुराको नाम थरः..............................</td></tr>
</table>

क. लाभग्राहीको परिवार संख्या ......................जना ।

ख. निवेदक संग तपशिल बमोजिमको कुन प्रमाण छ, सोमा चिन्न लगाउने ।

| क्र.सं. | तपशिल | कैफियत |
|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ/छैन |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो,पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्री बाट छाएको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ३ | गरीबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घर परिवार भएको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ/छैन |
| ५ | विगत देखि त्यस स्थानमा स्थाई वसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ६ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित गाउँपालिका अध्यक्षको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| ७ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ/छैन |

१. हाल उपभोग/बसोवास गरिरहेको घरको विवरणः

क. निवेदनले प्रयोग गरीरहेको घरको संख्याः ......................वटा

ख. घरको लम्वाई ............ घरको चौडाई................. घरको क्षेत्रफल ..................... वर्गफिट

२. घरको गारो/पर्खालको किसिम (५०प्रतिशत सम्म जे छ त्यसैलाई मान्ने)

क. बाँस,चिरपट/कप्टेरो आदी वा त्यसमा पराल/स्याउलाको टाटी ☐

ख. नमिलेको ढुङ्गाको गारो,बाँस,कप्टेरो,भकारी आदीमा माटोले पोतेको

तथा काठ/फल्याक,काँचो ईटामा माटोको जोर्नी ☐

ग. मिलेको ढुँङ्गाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टकको जोर्नी ☐

३. घरको छानाको किसिमः

क. फुस, आसवेटस,स्याउला,प्लाष्टिक सिट आदि ☐

ख. खपडा,टायल ☐

ग. ढलान,कर्कटपाता ☐

४. जग्गाको स्वामित्वः

क. लालपुर्जा भएको वा गाउँ ब्लक(स्वामित्व पाउन सकिने) वा

वडाको सिफारिस(स्वबासी र विवादरहित जग्गा) ☐

ख. नदी/नहर/ तालकिनारमा बसोबास गरीहरेको ☐

५. घरमूलीको हकमाः

क. अतिविपन्न,असहाय,असक्त,वृद्धवृद्धा,अनाथ बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही ☐ भएका

ख. अन्य

**(माथि उल्लेखित सम्पूर्ण विवरण एवं जानकारीहरु साँचो हुन, उक्त विवरण म आफै राजिखुसी साथ यथार्थ रुपमा कुनै दवाव विना दिएको हुँ । यसमा झुट्टा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनि यस सर्वेक्षण फारम सहि गर्ने।)**

लाभग्राहीकोः

सहीः...........................................

नाम थरः ..........................................

सम्पर्क मोवाईल नं..................................

| निवेदको औठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोटः सगोलको परिवारका सबै व्यक्तिहरुको लागि एउटै लाभग्राही सर्वेक्षण फर्म मात्र भर्नु पर्ने छ । परिवार संग छुट्टिएर बसेको भए सम्पत्ति अंशवण्डा भएको प्रमाण वा गाउँपालिकाको प्रमाण पेशर गर्नु पर्नेछ । एउटै चुल्लोमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरु लाई सगोलको परिवार मानिदैन । सर्वेक्षण कर्ताले निवेदनको घरको स्थलगत निरिक्षण गरी हाल प्रयोग गरीरहेको ३ एवं जग्गाको वास्तविक सत्यतथ्य अनुसार मात्र फर्म भर्नु पर्ने छ । सम्बन्धित वडा कार्यालयले पनि सत्य तथ्यको आधारमा रहि मात्र सगोल परिवार भए/ नभएको सिफारिस गर्नु पर्ने छ । झुट्टा विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।

**सर्वेक्षणकर्ताकोः**

सहीः.......................................

नाम थरः.................................

पदः ....................................

कार्यालयको नामः ......................

मितिः ..................................

सम्पर्क मोवाईल नं...................

## अनुसूची-४

**(दफा ७ को उपदफा (१) संग सम्वन्धित)**

प्राथमिकताक्रम सहित लाभग्राहीको सूची तयार गर्ने ढाँचा

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई –१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो,बाँस,कप्टेरो,भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक,काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | फुस, आसवेटस, स्याउला,प्लाष्टिक सिट आदि- १०<br>खपडा, टायल - ५<br>ढलान, कर्कट पाता - ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारिक छ । |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने)<br>वा स्थानीय तहको सिफारिस( स्वबासी र विवाद रहित)- १०<br>नदी/ताल किनारामा बसोबास गरेको- ० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त,बृद्धबृद्धा,अनाथ | |

| | | | |
|---|---|---|---|
| | | बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही भएका - १०<br>अन्य- ० | |

नोटः (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि यस अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिनेछ छैन ।

(२) प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजिम मूल्याङ्कन गरीने छैन ।

(३) गरीबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गरीरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्याङ्कन गरीने छैन । गाउँपालिका अध्यक्षको सिफारिसमा सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

## अनुसूची-५

**(दफा ८ को उपदफा (३) संग सम्वन्धित)**

सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राहीसंग गरिनेसम्झौताको ढाँचा

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि ..............................जिल्ला.......................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं..................गाउँ/टोलको लाभग्राही श्री ..............................................

(**यस पछि प्रथम पक्ष भनिने**) र .......................................गाउँ कार्यगाउँपालिकाको कार्यालय (**यस पछि दोस्रो पक्ष भनिने**) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति २०८.........साल........महिना........गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं।

................ बस्ने श्री...........................................को नाती/नातीनी/ बुहारी श्री

..........................को छोरा/छोरी/श्रीमती वर्ष.......................

**प्रथम पक्ष (लाभग्राही) ले मन्जुर गरेका शर्तहरुः-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेको सुरक्षित नागरिक नागरिक आवास निर्माण सम्बन्धी कार्यविधि, २०८० एवं सम्झौता-पत्रमा उल्लेखित शर्त अनुरुप बनाउने छु ।

२. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर,इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने सुरक्षित नागरिक आवास पुननिर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्च गर्नेछु ।

४. प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत रकमरु. ................................( अक्षरुपी.................... भुक्तानी पाउँने छु ।

५. माथिव उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष ( भैरवी गाउँ कार्यगाउँपालिकाको कार्यालय) ले मन्जुर गरेका शर्तहरुः**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंक मार्फत उपलब्ध गराउनेछ ।

| |
|---|
| प्रथम पक्ष (लाभग्राही) |
| (क) लाभग्राहीको व्यक्तिगत विवरण |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा)......................................................................................................................<br>लाभग्राही नाम, थर (नेपालीमा)......................................................................................................................<br>नागरिक तामा उल्लेखति ठेगाना<br>जिल्लाः ....................................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. .................... वडा नं. ........................<br>ना.प्र.नं. ........................................जारी जिल्लाः ..................................मिति .....................................<br>जन्म मितिः ............................................... सम्पर्क फोन नं...................................................................... |

| |
|---|
| **स्थायी ठेगाना र नागरिक ता उल्लेखित ठेगाना फरक भएमा**<br>**(बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसराइ प्रमाणपत्र नं. .................................................................<br>बसाइसराइमिति ................................................................................ |
| **लाभग्राहीको फोटो** |
| सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) |
| संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर ................................................................................. |
| जिल्ला दैलेख गा.पा. भैरवी<br>वडा ..................... ............ गाउँ/टोलः ................................<br>ना.प्र.नं. ................................ जारी जिल्लाः..............................<br>जारी मितिः ............................................. जन्म मितिः ........................................... |
| बाजेको नाम,थरः ..................................................................................................................<br>बाबुको नाम,थरः ......................................................................................................................<br>लाभग्राहीसँगको नाताः ............................................................................................................ |

| |
|---|
| सम्पर्क फोन नं................................................................................................................................. |
| लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औठा छाप<br><br>दायाँ वायाँ<br>लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ..........................................<br>मितिः ..................................................................... |
| (ख) बैंक खाता विवरण ( तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)<br>बैंक खाता नं..................................................................<br>खातावालाको नाम,थरः ..............................................................<br>बैंकको नामः ........................................................................<br>शाखाः ........................................................................ |
| (ग) घर निर्माण हुने जग्गाको विवरणः<br>कित्ता नं................................................. क्षेत्रफल ......................................... वर्ग मिटर<br>ठेगानाः जिल्लाः दैलेख गाउँपालिकाः भैरवी |
| (घ) इच्छाएको व्यक्तिको नाम,थरः.........................................................<br>लाभग्राही सँगको नाताः ....................................................... |
| (ङ) साक्षीको नाम,थरः .......................................................<br>हस्ताक्षरः ..................................................... |

| | |
|---|---|
| **दोस्रो पक्ष (.................................................................<br>गाउँ कार्यगाउँपालिकाको कार्यालय)** | |

| | |
|---|---|
| कार्यालयको नाम, ठेगानाः ..................................................<br>अधिकार प्राप्त कर्मचारीको नामः ........................................<br>पदः ...........................................................................................<br>हस्ताक्षरः .......................................................................................<br>मितिः ........................................................................................... | |

**आवश्यक कागजातहरु**

१. लाभग्राहीको नागरिक ताको प्रमाणपत्रको प्रतिलिपि

२. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि

३. लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

**अनुसूची-६**

**(दफा ९ संग सम्वन्धित)**

प्राविधिक प्रतिवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भैरवी गाउँपालिकाको कार्यालय

भैरीकालिकाथुम, दैलेख।

**विषयः <u>प्राविधिक प्रतिवेदन पेश गरेको बारे।</u>**

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु।

लाभग्राहीको नामः

लाभग्राही क्रमसंख्याः

लाभग्राही सम्झौताको क्रमसंख्याः

(जुन अवस्था हो सो मा रेजा ☐ √ लगाउने)

हालको अवस्थाः ☐ सामान साईट उपलब्ध भएको (प्रथम किस्ताको लागि)

कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा ☐ )

सिफारिसः संलग्न फोटो बमोजिम कार्य भएकोले

☐ योजना प्रथम किस्ताको रकम उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

(नोटः-प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदन सँग संलग्न गर्ने ।)

प्रतिवेदकको: ................................................

दस्तखतः ............................................

नाम,थरः ................................................

पदः........................................................

मितिः ...................................................